## स्थानीय पत्रकारिता र आत्मानुशासनको अभ्यास

**प्रस्तुतकर्ता : कृष्ण सारुमगर**

**सचिव, नेपाल पत्रकार महासंघ मकवानपुर शाखा**

**मकवानपुरमा पत्रकारिता :**

देशकै मध्यभागमा पर्ने मकवानपुर जिल्ला ऐतिहासिककता सँगै पत्रकारिता क्षेत्रमा पनि राष्ट्रिय रुपमा चल्तीकै नाम हो । यहाँबाट प्रकाशन हुने विभिन्न समाचारका विषयबस्तुले कुनै न कुनै रुपमा राष्ट्रिय रुप हासिल गरिरहेको हुन्छ । यद्यपि पत्रकारिता क्षेत्रमा बढ्दो स्थानीयकरणका कारण राष्ट्रिय रुप पाउने क्रम अहिले अलि कम बन्दै गइरहेको छ । मकवानपुर जिल्लामा हाल १० वटा रेडियो, ७ वटा दैनिक पत्रिका, एउटा टेलिभिजन र एकदर्जन साप्ताहिक पत्रिकाहरु प्रकाशन तथा प्रशारणमा रहेका छन् । यमीमध्ये ३ वटा दैनिक पत्रिकाहरु ठूला साइज (ब्रोडसिड) का छन् । ती सञ्चारमाध्यहरुमा कार्यरत रहेका, स्वतन्त्र रुपमा रहेका तथा जिल्ला र देशबाहिर समेत गरी हाल नेपाल पत्रकार महासंघ मकवानपुर १७१ जना पत्रकारहरु साधारण सदस्य छन् । १४ सदस्यीय कार्य समिति रहेको नेपाल पत्रकार महासंघ छ भने नेपाल खेलकुद पत्रकार मञ्च, नेपाल प्रेस युनियन, प्रेस चौतारी नेपाल, क्रान्तिकारी पत्रकार संघ, क्रान्तिकारी पत्रकार महासंघ, आदिबासी जनजाति पत्रकार संघ, नेपाल चलचित्र पत्रकार संघ,स्वतन्त्र पत्रकार संघ, कृषि पत्रकार प्रतिष्ठान लगायत अन्य संघ संगठनहरुको अस्तित्व पनि मकवानपुरमा छ । महासंघमा आबद्ध नभएका झण्डै ८० जना पत्रकारहरु ती विभिन्न संघसंस्थामा आबद्धता रही काम गरिरहेको भेटिन्छन् भने उनीहरु महासंघको सदस्यता लिने प्रक्रियामा छन् ।

**सञ्चारमाध्यममा नयाँ अनुहार :**

हेटौँडामा एकदशक अघिदेखि नै पत्रकारिताको अध्ययन सुरु भएपछि यहाँका स्थानीय सञ्चारमाध्यमहरुमा नयाँ अनुहारहरु जोडिने क्रम निक्कै बढेको छ । यद्यपि पत्रकारिताको पढाईले भने प्लस टू र स्नातक तहमा समेत निरन्तरता पाउने भने सकेको छैन । सञ्चारमाध्यमहरुमा नयाँ अनुहार जोडिने क्रममा रेडियोमा सबैभन्दा बढी आकर्षण देखिन्छ । जिल्लाबाट रेडियोकै क्षेत्रमा क्षमता अभिबृद्धि गरी कतिपय पत्रकारहरुले काठमाडौँसम्ममा आफ्नो बर्चश्व कायम राखी काम गर्न पुगेका छन् भने प्रिन्ट मिडियाबाट हेटौँडाबाटै कसरत गरी कान्तिपुर दैनिकको कतार संस्करणसम्म यहाँको जनशक्ति पुगेको पाइन्छ । हेटौँडामा रहेका ८ र उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा रहेका २ रेडियो छन् । ती रेडियोहरु नयाँ जनशक्ति उत्पादनका पाठशाला नै भने पनि हुन्छ । यद्यपि अधिकाँशले पेसागत आर्थिक सुरक्षा नभएको भन्दै पत्रकारिता पेसा नै त्यागेर विदेश गएका र अन्य क्षेत्रमा लागेका उदाहरणहरु पनि थुप्रै छन् । महासंघ आबद्ध झण्डै आधादर्जन पत्रकारहरु विदेश पलायन भइसकेको अबस्था छ । पत्रकारलाई सञ्चार क्षेत्रमा टिकाइराख्न निकै समस्या परिरहेको छ, त्यसको मुख्य कारण नै आर्थिक असुरक्षा हो ।

**पत्रकार आचारसंहिता कार्यान्वयन** :

पत्रकार आचारसंहिता पालना गर्नु हरेक पत्रकारको दायित्व हो । आचारसंहिताले तोकेको घेरामा बसेर काम गर्नु सबै पत्रकारको कर्तब्य हुन आउँछ । यद्यपि आचरसंहिता बिपरितका घटनाहरु पनि यदाकदा जिल्ला तहमा हुने गरेको छ । कतिपय अबस्थामा राजनीतिक अभिष्तटा परिपूर्ति तथा कतिपय अबस्थामा सञ्चार माध्यममका काम गर्नेहरुको उच्च महत्वकाँक्षाले आचारसंहिता उल्लंघनका घटनाहरु देखिन्छन् । सञ्चारकर्ममा लागेकाहरु अरु नागरिकभन्दा फरक हुँ, र शक्तिशाली छु भन्ने घमण्डले पनि आचारसंहिता उल्लंघनमा काम गरेको देखिन्छ । यद्यपि जिल्ला तहमा रहेकै मिडियाहरुको चेक एण्ड ब्यालेन्सका कारण आचारसंहिता उल्लंघनका घटनाले थप गति लिएको पाइँदैन । यो सुखद् पक्ष हो । त्यसका अलावा आचारसंहिताका सन्दर्भमा पत्रकारहरुलाई अनुशिक्षण दिने, इन हाउस अभिमुखिकरण गर्ने गराउने लगायतका कामहरु गर्नु जरुरी देखिन्छ ।

**आत्मानुशासनको अभ्यास** :

आफुले आफैलाई अनुशासनमा राख्नु नै आत्मानुशासन हो । नैतिकतामा रहेर नैतिकतापूर्व व्यवहार गर्न सके पक्कै पनि पत्रकारिता पेसा पनि कम आलोचित हुनेमा शंका छैन । हरेक क्षेत्रमा आलोचना हुनु स्वाभाविकै हो, तर पत्रकारिता क्षेत्रको अरु क्षेत्रभन्दा बढी आलोचना हुनु चाहिँ आम पत्रकारका लागि दुःखकै कुरा हो । यो, अहिलेको चुनौतीको विषय हो । पत्रकारले आफूले आफैलाई मुल्याङ्कन गर्ने र सकारात्मक बाटोमा जनउत्तरदायी व्यवहार गर्नका लागि आत्मानुशासनले सहयोग गर्छ ।

मकवानपुरको पत्रकारितामा सन्दर्भमा पत्रकारहरुले अपवाद बाहेक आफूले आफैलाई पत्रकार आचार संहिताको दायरामा राखेर अनुशसित पत्रकारिता गरेको भन्न सकिन्छ । पश्चिमका छिमेकी प्रदेशहरुमा हुने गरेका पत्रकारिता आचार संहिताका चरम उल्लंघन र सामन्यतः नैतिकताको समेत ख्याल नराखी गरिने सञ्चारकर्मभन्दा मकवानपुर निकै टाढा छ । स्थानीय तहमा बसेर पत्रकारिता गरिरहदा निश्चित स्रोत साधन र उपलब्ध सूचनाको आधारमा समाचार लेख्नुपर्ने बाध्यताबाट पत्रकारहरु मुक्त छैनन् । जसका कारण कहिलकाहिँ एकापक्षीय समाचार प्रकाशन भएका, लाञ्क्षणिक रुपमा घोचपेच गरिएका समाचारहरु प्रकाशन वा प्रकाशन भइरहेका घटनाहरु छन् । त्यसबाट उत्पन्न हुने परिस्थितिको सम्बन्धित पक्षलाई राखेर समाधानको उपाय खोज्ने उपयुक्त अभ्यासलाई पनि मकवानपुरे पत्रकारितामा नमूनाको रुपमा लिन सकिन्छ । नियतै खराब राखेर समाचार सम्प्रेषण गर्नेहरुका लागि भने यस्तो उपाय पनि कम प्रभावकारी भएको पाइन्छ । जिल्लामा बिटमा समाचार नलेखी सबै विषयको समाचार लेख्नुपर्ने बाध्यता भएकाले विषयगत ज्ञानको अभाव अर्को समस्या हो ।

**आत्मानुशासन अभ्यासमा चुनौती** :

अरुबाट नियन्त्रित र सञ्चालित हुनु दुखद् कुरो हो । तर पत्रकारितामा पनि सबै कुरा आफ्नै निर्णयमा हुन्छ । आफैले लखेको सही हुन्छ भन्ने छैन । किनकी देखेका सबै कुरा सत्य हुदैन । त्यसमाथि पनि अहिले बिस्तारै सञ्चारमाध्यमहरुमा पत्रकारभन्दा पनि मिडिया संचालक हाबी हुन थालेको पाइन्छ । यसो हुँदा विभिन्न बहानामा सञ्चालकहरुका अभिष्टता पूरा गर्ने क्रम पनि थोरबहुत मात्रामा देखिन्छ । त्यसले समग्र पत्रकारिताको कालो पक्षलाई स्वाभाविक रुपमा उजागर गर्छ । तपसीलका बुँदाहरुका कारण आत्मानुशासनमा चुनौति पनि छ ।

- स्रोतले बताएको भनेर आफ्नै धारणालाई समाचारमा उल्लेख गर्ने ।
- उक्साहटमा लागी एकपक्षीय बिचार सुन्दा अरुको स्वार्थमा प्रयोग भएको थाहै नपाउने ।
- अरुको समाचार जस्ताको तस्तै प्रकाशन प्रशारण गर्ने, यसो हुँदा गलत रहेछ भने गलतै साभार गर्ने प्रबृत्ति बढ्ने देखिएको छ ।
- भत्ता लगायतका सुविधा पाउने कार्यक्रमको समाचारलाई आवश्यकता भन्दा बढी प्राथमिकता दिएको पनि पाइन्छ ।
- विषयको पूर्ण ज्ञान नै नभई सतही रुपमा समाचार लेख्ने ।
- बिज्ञापनमुखी पत्रकारिताले गर्दा आवाज बिहिनहरुको आवाज ओझेलमा पर्दै जाने अबस्था
- पत्रकार आफै बिज्ञापन माग्दै हिड्नुपर्ने अबस्थाको सिर्जना हुँदा त्यसको फाइदा गलत पक्षले उठाउन सक्ने ।
- कतिपय अबस्थामा विज्ञापन नदिनेको समाचारलाई प्राथमिकता नदिने र खोजी खोजी नकारात्मक समाचार प्रकाशन प्रसारण गर्ने चलन पनि देखिन्छ ।
- कतिपय नयाँ पुस्तामा भने पत्रकार आचारसंहिता, मूलमर्म, मान्यता र इतिहास समेत थाहा नभई फिल्डमा पुग्ने चलन हुँदा असामान्य अबस्था देखिन्छ । पुराना पत्रकारहरुको त्यतिखेर मानहानीजस्तो अनुभूति पनि हुन्छ ।

**पत्रकारितामा अन्य क्षेत्रको आँखा** :

पत्रकारहरुले आफ्नो आचरण कस्तो बनाउने र कसरी प्रस्तुत हुने भन्ने विषयले उसको प्रतिष्ठा निर्धारण गर्छ । पत्रकार र विशेष गरी सम्पादकहरु आफै विज्ञापन माग्दै हिड्नाले पत्रकार भनेको 'माग्ने जात' हुन् भन्ने टिप्पणी यदाकदा सुनिन्छ । त्यसैले पत्रकारले समाचार लेख्छ, बजार प्रतिनिधिको रुपमा काम गर्दैन भन्ने कुरा यो समाजमा देखाउन र बुझाउन जरुरी छ । त्यस्तै पत्रकारले जहाँ जोसँग पनि बसेर विशेष गरी साँझको खाजा खाने, रमाइलो गर्ने, भेला अधिवेसनलक्षित गरी अतिरञ्जित समाचार लेख्ने, कुनै पक्ष वा बिपक्षमो लबिङ गर्ने जस्ता कुरालो

पनि पत्रकारलाई लज्जित पात्रको रुपमा अरु क्षेत्रले हेरेको पाइन्छ । त्यसैले अरुले कुरा काट्ने ठाउँ दिनुभन्दा आफै सतर्क र अनुशासित हुन पत्रकारहरु जरुरी छ ।

**पत्रकार बिरुद्ध उजुरी** :

समाचार प्रकाशन प्रशारणकै कारणले समस्यामा परेको दुःख पाएको भन्दै नेपाल पत्रकार महासंघमा बेला बखत उजुरीहरु आइरहन्छन् । २०७२ सालको हालसम्म यस्ता ४ वटा उजुरी पत्रकार महासंघमा परेका छन् ।

**सेल्फ सेन्सरसिप** :

कतिपय विषयहरु सुरक्षा चुनौतीकै कारण पनि आफूले चाहेर पनि सम्पादन गरिरहेको हुन्छ । साथै आफुसँग कुनै पनि कारणबाट नजिक भएका ब्यक्तिले गरेका गल्ति कमजोरीको समाचार आएमा त्यसलाई खण्डन गरेर लेख्ने अन्यथा नलेख्ने पनि हामीमाझ समस्या छ । आफुलाई मन नपर्ने ब्यक्ति वा संस्थाका बारेमा त्यस्ता ब्यहोरा आएमा त्यसलाई बढाईचढाइ लेख्ने गरिएको पाइन्छ । यो प्रबृत्तिले पत्रकारलाई स्वतन्त्र राख्दैन, पत्रकार पक्ष वा विपक्षमा उभिएको देखिन्छ ।

**परिचय पत्रकारको पनि** :

पछिल्लो समय पत्रकार भन्ने बित्तिकै अरु के काम गर्नुहुन्छ भनेर नसोध्ने कमै भेटिन्छन् । पत्रकारहरु अन्य कुनै न कुनै पेसा ब्यवसयमा जोडिएकै छन् । जसले गर्दा उसले गर्ने पत्रकारितलाई  समाजले निष्पक्ष रुपमा मुल्याङ्कन गर्न सकिरहेको छैन । तर पत्रकारहरुका लागि आर्थिक व्यवस्थापन गर्न दैनिकी चलाउनका लागि त्यो बाध्यता पनि छ ।

**विश्वसनियता घट्दो** :

उल्लेखित कारणहरुले पत्रिकामा छापिएका, रेडियो वा टिभीहरुमा प्रसारण भएका कुरा सत्य हो भनेर विश्वास गर्ने बातावरणमा कमी हुदै आएको छ । हचुवाको भरमा तथ्यसँग टाढा रहेर समाचार लेख्दा समाचारलाई पनि पुष्ट्याइँ गरेर मात्रै विश्वास गर्न थालिएको छ ।

**सुरक्षा चुनौती** :

पत्रकार आफै अनुशासित नहुँदा अर्को चुनौती भनेको सुरक्षाको हो । पत्रकार बिभिन्न कारण जेल गएका छन् । कुटिएका छन् । तर मकवानपुरको पत्रकारिताको ईतिहासमा समाचार लेखिएकै कारण कुटाई खाएको जेल गएको घटना नगन्य मात्र छन् । दुब्र्यवहारका घटना पनि व्यक्तिगत आचरणसँग जोडिएका छन् । त्यसैले आफ्नो उठबस, समाचार लेखन, प्रशासन प्रशारण सबै कुरामा आफूले आफैलाई नियन्त्रित गर्न सक्नुपर्छ ।

**नयाँ संविधानमा प्रेस** :

नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभुती गराईए पनि छुट्टै ऐन बनाएर प्रेसलाई थप ब्यवस्थित बनाउन सकिने भनिएको छ । त्यसैले गलत नियतका साथ समाचर लेखेकै भएपनि अब बन्ने एनेले अदालतमा १०/२० रुपैयाँ धरौटी राखेर छुट पाइने ब्यवस्था पक्कै नहोला ।

**समापन** :

पत्रकारले आफुले आफैलाई अनुशासनमा राख्नु जरुरी छ । आफू नैतिकवान्, इमान्दारिता साथ काम गर्न सके पत्रकारिता पेसा पक्कै पनि अब्बल बन्न सक्नेछ । समाजले हेर्ने नजर पनि सकारात्मक नै हुनेछ । राम्ररी मिहेनत गर्न सके, क्षमता बढाउन सके पत्रकारिताबाटै पनि जीवन निर्बाह गर्न सकिन्छ भन्ने उदाहरण मकवानपुरले देखाइसकेको छ । यसर्थ नैतिकवान्, आदर्श मूल्यमान्यता र इमान्दारितालाई शिरोपर गर्दै पत्रकारिता गर्नु, नयाँलाई सिकाउनु आजको आवश्यकता हो । यसो हुँदा हामी भौतिक र आर्थिक रुपमा समेत सबल बन्नेछौं । संख्यात्मक बृद्धिभन्दा पनि गुणात्मकतामा जोड दिनु आजको आबश्यकता हो ।

धन्यवाद ।